१६ औं वार्षिकोत्सव
प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY

## मुखको स्वास्थ्यमा ध्यान दिऔं

दाँत तथा मुखको रोगले मानव स्वास्थमा गम्भीर असर पार्ने हुँदाः

- वनमाल खुल्ला स्थानमा दिसापिसाब नगरौं ।
- चिनीयुक्त वा दाँतमा टाँस्सिने खालका खानेकुरा कम खाऔं,
- रेसादार खाना, फलफूल र हरियो सागसब्जी सेवन गरौं,
- फ्लोराईडयुक्त टुथपेष्टले दुई मिनेटसम्म दिनको दुई पटक ब्रस गरौं,
- खाना खाईसकेपछि राम्रोसँग ब्रस वा कुल्ला गर्ने गरौं,
- डेन्टल फ्लसको मद्दतले दाँतमा अड्किएको खाना निकालौं,
- सुर्तिजन्य पदार्थ तथा मद्यपान सेवन नगरौं,

जीवाणुलगायतको संक्रमणबाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-१६ ।। अङ्क : ५७ ।। २०८० चैत्र २० गते मंगलबार (2nd Apr 2024 Tuesday) **Pratidin** National Daily मूल्य–रु.५/–

# झापा कारागारको समस्या समाधान गर–आयोग

• **लक्ष्मी उप्रेती**

मेचीनगर । कोशी प्रदेशका जिल्ला कारागारका समस्या समाधान गर्न राष्ट्रिय मानव अधिकार आयोगले कारागार व्यवस्थापन विभाग तथा नेपाल सरकारलाई सिफारिस गरेको छ ।

कानूनले अपाङ्गता, ज्येष्ठता, स्वास्थ्य अवस्था हेरी कैदीबन्दीलाई छुट्टाछुट्टै राख्ने प्रष्टरुपमा भनेपनि जिल्ला कारागार झापामा त्यसको कार्यान्वयन नभएको राष्ट्रिय मानव अधिकार आयोगको कोशी प्रदेश कार्यालय विराटनगरले जनाएको छ । जिल्ला कारागार झापालगायत कोशी प्रदेशका अन्य जिल्ला कारागारमा देखिएका समस्या तत्काल समाधानका लागि कारागार व्यवस्थापन विभाग तथा नेपाल सरकारलाई आयोगले सिफारिस गरेको हो ।

कोशी प्रदेशका कारागारको अवस्था, भौतिक संरचना, कैदीबन्दी, मानव अधिकारको अवस्थाका बारेमा अनुगमन गरिएको आयोगले जनाएको छ ।आयोगले जिल्ला कारागार झापालगायत उदयपुर, इलाम,पाँचथर, संखुवासभा, मोरङ र भोजपुर कारागारको अनुगमन गरेको थियो ।

सोही क्रममा आयोगले गत असार १३ मा जिल्ला कारागार झापाको अनुगमन गरेको थियो । 'कानूनले अपाङ्गता, ज्येष्ठता, स्वास्थ्य अवस्था हेरी कैदीबन्दीलाई छुट्टाछुट्टै राख्ने भनिएपनि झापा कारागारमा सबैलाई एउटै ठाउँमा राखिएको पाईयो ' आयोग कोशी प्रदेश कार्यालयका कार्यालय प्रमुख उपसचिव पवन भट्टले भने,'कारागारमा थुप्रै समस्या रहेछन् समाधानका लागि कारागार व्यवस्थापन विभाग तथा नेपाल सरकारलाई आयोगले सिफारिस गरेको छ ।' जिल्ला कारागार झापामा पुरानो भवन रहेको, कारागारको जग्गा पर्याप्त



रहेकोले पर्खाल सारेर खेल्ने ठाउँ ठूलो बनाईदिन कैदीबन्दीले माग गरेपनि सरोकारवालाबाट सम्बोधन हुन नसकेको, कैदीबन्दीको फैसला अदालतबाट समयमै हुन नसक्दा एक वर्ष बस्नुपर्नेले चार वर्ष कारागारमा बस्नु परेको, कैदीबन्दीलाई मानव अधिकार तथा सीपमुलक तालिमको अभाव रहेको प्रतिवेदनमा छ । जिल्ला कारागार इलाममा पनि कैदीबन्दीलाई मानव अधिकार तथा सीपमुलक तालिमको अभाव रहेको वार्षिक प्रतिवेदनमा उल्लेख छ ।

धार्मिक पूजापाठ, स्वास्थ्य उपचार, मनोरञ्जन तथा खेल सामग्री, सीपमुलक तालिम, सरसफाई, खानेपानी तथा शौचालय, पसल, भान्सा सञ्चालनको व्यवस्थापन भने जिल्ला कारागार झापाको सन्तोषजनक रहेको अनुगमनका क्रममा पाइएको आयोगले जनाएको छ । कारगारमा सबैले आ-आफ्नो धर्म संस्कृति अवलम्बन गर्न पाएको,कारागार परिसरमा बुद्धको मूर्ति, मन्दिर, चर्च समेत रहेको पाईयो भने महिला कारागारमा पनि मन्दिर रहेको प्रतिवेदनमा उल्लेख छ । स्वास्थ्य उपचारका सम्बन्धमा निजी अस्पतालमा उपचार गरेमा स्वयम् कैदीबन्दीले उपचार खर्च व्यहोर्नुपर्ने व्यवस्था जिल्ला कारागार झापाले गरेपनि स्वास्थ्य उपचारमा कैदीबन्दीलाई कुनै समस्या नरहेको , कारागार प्रशासनले उपचारका लागि बाहिर जानुपर्ने भएकालाई पठाईदिने तथा सरकारी प्रादेशिक अस्पताल भद्रपुरमा निःशुल्क उपचार कारागारले गराईदिने व्यवस्था मिलाएको आयोगले जनाएको छ ।

कारागारले नियमितरुपमा तालिम सञ्चालन गर्न नसकेको भएपनि विगतका वर्षमा मुडा बनाउने, सिलाई कटाई तालिम प्रदान गरेको, अहिले पनि कतिपय कैदीबन्दीले मुडा बनाउने काम गरेको र बिक्री वितरणमा कुनै समस्या नरहेको कैदीबन्दीलाई उद्धृत गर्दै प्रतिवेदनमा जनाईएको छ । शौचालयबाट निस्केको ढलको उचित व्यवस्थापन नहुँदा स्थानीयवासीले पटक पटक विरोध गर्दै आएका थिए । त्यो समाधानका लागि पहल भईरहेको भन्ने प्रशासनको भनाई उद्धृत गरिएको छ । कारागारमा शौचालय र पानीको भने व्यवस्था गरिएको छ । जिल्ला कारागार इलाममा भने पानीको समस्या ज्यादै ठूलो रहेको आयोगको प्रतिवेदनमा उल्लेख छ ।

कैदीबन्दीका आफन्तलाई शनिवारबाहेक हप्ताको ६ दिन नै बिहान १० देखि साँझ ४ बजेसम्म भेटघाट गर्न दिने व्यवस्था कारागार प्रशासनले मिलाएको र टाढाबाट आउने कैदीबन्दीका आफन्तलाई अलि बढी समय दिने गरेको भन्ने कैदीबन्दीको भनाईलाई प्रतिवेदनमा राखिएको छ । सूचना तथा सञ्चारबाट बञ्चित हुनु नपरोस् भनेर कैदीबन्दीका लागि स्थानीय र राष्ट्रिय स्तरका पत्रपत्रिका आउने गरेको, पुरुष कारागारतर्फ प्रायः कोठामा टेलिभिजन रहेको, महिलातर्फ दुईवटा टेलिफोन सेट रहेको र महिला कारागारमा तीनवटा टेलिभिजन रहेको आयोगको अनुगमन टोलीले फेला पारेको थियो । जिल्ला कारागार झापामा क्यारमबोर्ड, चेस, लुडो, फुटबल, भलिबल, टेबलटेनिस, ब्याडमिन्टन जिमलगायतका मनोरञ्जन तथा खेलकुदका सामग्रीको व्यवस्था रहेको छ । कोशी प्रदेशका अन्य कारागारभन्दा जिल्ला कारागार झापामा खेलकुदका सामग्रीको राम्रो व्यवस्था गरेको आयोगले जनाएको छ । जिल्ला कारागार इलाममा भने निकै ठूलो समस्या रहेको छ । आयोगको प्रतिवेदनअनुसार पिउने पानीको समस्या, कैदीबन्दीको फैसला अदालतबाट समयमै हुन नसकेको भन्ने कैदीबन्दीको गुनासो, खेल सामग्री पर्याप्त नभएकोलगायतका समस्या इलाम कारागारमा रहेका छन् । सोमबार राष्ट्रिय मानव अधिकार आयोग विराटनगरले झापाको मेचीनगर नगरपालिकाको सभाहलमा आप्रवासी कामदार र मानव बेचबखिनसम्बन्धी अन्तरक्रिया गरेको थियो । नगरका कार्यवाहक नगर प्रमुख ह्रदय राजवंशीको अध्यक्षतामा भएको अन्तरक्रियामा आयोगका प्रदेश प्रमुख भट्टले आयोगको प्रतिवेदनलगायत विविध विषयमा प्रस्तुतीकरण दिएका थिए ।

आयोगका मानव अधिकार अधिकृत चिरञ्जीवी कोइरालाले सहजीकरण गरेको कार्यक्रममा नगरका जनप्रतिनिधि, सुरक्षा अधिकारी , पत्रकार, मानव अधिकारको रक्षाका लागि सक्रिय सरकारी तथा गैरसरकारी संघ संस्था, मानव बेचबिखनविरुद्ध सक्रिय गैरसरकारी संघ संस्थाका प्रमुख प्रतिनिधिहरुको सहभागिता रहेको थियो । कार्यक्रममा सहभागीहरुले राखेको जिज्ञाशाको उपसचिव भट्टले जवाफ दिएका थिए ।

# आज ६७ औं सहकारी दिवस

बिर्तामोड(प्रस)। झापा जिल्ला सहकारी संघले ६७ औं राष्ट्रिय सहकारी दिवस आज मनाउने भएको छ ।

"सहकारीमा सुशासनः प्रविधि र एकीकरण" भन्ने मुल नाराका साथ मनाइने राष्ट्रिय सहकारी दिवस पाँच वर्षयता खुला रुपमा हुन लागेको अध्यक्ष गणेश ढकालले बताए । कोभिड तथा अन्य कारण संघले आन्तरिक रुपमा मात्र दिवस मनाउँदै आएको थियो ।

यस वर्ष सहकारीमाथि भइरहेको आक्रमणलाई निस्तेज गर्न सहकारी व्यवसायको सुरक्षामा केन्द्रित भई संघका सदस्य संघसंस्थाको मागबमोजिम १० औं हजार सहकारीकर्मीहरुको उपस्थितिमा दिवस मनाउन लागिएको हो ।बिर्तामोडमा हुने कार्यक्रममा सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, सल्लाहकार समिति, उप-समिति, कर्मचारी र सदस्यसहित भव्यताका साथ मनाउने तयारी गरिएको अध्यक्ष ढकालले जानकारी दिए ।

अध्यक्ष ढकालको संयोजकत्वमा ५०१ सदस्यीय मुल समारोह समिति, ४१ सदस्यीय सचिवालय गठन गरी प्रचारप्रसार र कार्यक्रमको भव्य तयारी पूरा भएको छ ।

कुनै पनि गलत कार्य गर्ने, त्यस्तो कार्यमा प्रोत्साहन गर्ने, ऋण नतिर्ने सबै कानुनतः दण्डित हुन र सहकारी संस्थाबिना समाजमा नागरिकको वित्तीय पहुँच, वित्तीय साक्षरता, एकता र नेतृत्व विकास सम्भव नहुने सन्देश दिन सहकारी दिवसको मुल उद्देश्य रहेको छ ।

कार्यक्रममा २०० जना स्वयम्सेवक परिचालन हुनेछन् भने बिहानको १० :३० बजेदेखि पूर्वतर्फ सुगम पेट्रोल पम्प, पश्चिमतर्फ भगवानचोक उत्तरतर्फ महानन्दचोक, दक्षिणतर्फ बिर्ताबजार हुँदै मुक्तिचोक परिक्रमा गरी झाँकीसहित ११:३० बजे कार्यक्रमको उद्घाटन हुने संघले जनाएको छ ।कार्यक्रमको प्रमुख अतिथि कानुन, न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरी रहने छन् । कार्यक्रममा सहकारी व्यक्तित्व मीनराज कडेललाई सम्मान गरिनेछ ।

# हल्दिबारी गाउँपालिका स्वास्थ्य मन्त्रालयद्वारा सम्मानित

झापा(प्रस)। हात्तीपाईले रोगविरुद्धको आम औषधी सेवन कार्यक्रममा झापा जिल्लामा हल्दिबारी गाउँपालिकाले उत्कृष्ट कार्यसम्पादन गरेबापत स्वास्थ्य सेवा विभागले सम्मान गरेको छ ।

आर्थिक वर्ष २०७९/८० को हात्तीपाईले रोगविरुद्धको आम औषधी सेवन कार्यक्रममा हल्दिबारी गाउँपालिकाले गरेको उत्कृष्ट कार्यसम्पादनको मूल्यांकन गरिएको हो । स्वास्थ्य सेवा विभागको इपिडिमियोलोजी तथा रोग नियन्त्रण शाखाद्वारा



सोमवार राजधानीमा आयोजित कार्यक्रममा उपप्रधानमन्त्री,स्वास्थ्य तथा जनसंख्यामन्त्री उपेन्द्र यादवले हल्दिवारी गाउँपालिकाका अध्यक्ष रविन्द्र लिङ्देनलाई सम्मानपत्र प्रदान गरेका थिए । स्वास्थ्यकर्मी , जनप्रतिनिधि, सरोकारवाला तथा कर्मचारीहरूको सक्रियताले यो सम्मान मिलेको गाउँपालिका अध्यक्ष लिङ्देनले बताए।स्वास्थ्य स्वयंसेविका, औषधि सेवन गर्ने जनसमुदाय, राजनैतिक नेतृत्व संचारकर्मीलगायत सवैको महत्वपूर्ण सहभागिता नै सफलताको आधार भएको स्वास्थ्य शाखा प्रमुख पुष्कर निरौलाले बताए। आगामी २०८१ बैशाखमा फेरि हात्तीपाईले रोगविरुद्धको आम औषधी सेवन कार्यक्रम संचालन हुन गईरहेको छ।

# इलाम-२ मा माओवादीबाट रमणको नाम सिफारिस



इलाम(प्रस)। नेपाल कम्युनिस्ट पार्टी माओवादी केन्द्रको इलाम जिल्ला कमिटीले इलाम क्षेत्र २ को उपनिर्वाचनमा धिरेन शर्मा रमणलाई उम्मेदवारका लागि सिफारिस गरेको छ । चैत १३ गते चार जनाको नाम प्रदेश कमिटीमा सिफारिस गरेको जिल्ला कमिटीले यस पटक केन्द्रीय सदस्य शर्माको मात्रै नाम प्रदेशमा पठाएको हो । केन्द्रीय सदस्य शर्माले जिल्लाले आफ्नो एकल नाम प्रदेशमा पठाएको र प्रदेशबाट केन्द्रमा सिफारिस हुने जानकारी दिए । शर्माका अनुसार केन्द्रीय कमिटीले सत्तारुढ दलसँग पनि छलफल गरी बझाङमा हुन लागेको प्रदेशसभा निर्वाचनको उम्मेदवारसमेत सहमतिका आधारमा टुंग्याउने सम्भावना रहेको बताए । माओवादीले गत चैत १३ गते केन्द्रीय सदस्य शर्मा तथा प्रदेश कमिटी सदस्यहरु उर्मिला तामाङ, अनिल बराइली र ओम गुरुङको नाम प्रदेश कमिटीमा सिफारिस गरेको थियो । इलाम २ मा आउँदो वैशाख १५ मा उपनिर्वाचन हुँदैछ । नेकपा (एमाले) नेता सुवासचन्द्र नेम्बाङको गत भदौ २६ मा निधन भएपछि त्यहाँ उपनिर्वाचन हुन लागेको हो ।

# मोटरसाइकल दुर्घटनामा न्यौपानेको मृत्यु



झापा(प्रस)। १२ दिनअघि मोटरसाइकल दुर्घटनामा परी घाइते भएका झापा बुद्धशान्ति ५ का ४३ वर्षीय गोविन्द न्यौपानेको उपचारका क्रममा मृत्यु भएको छ । गत चैत ६ गते राति १२.३० बजेको समयमा बुद्धशान्ति ५ खारखोलास्थित मदन भण्डारी राजमार्गमा बुधवारेबाट खारखोलातर्फ जाँदै गर्दा प्र १-०१-०१६प ३५२१ नं को मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा मोटरसाइकल चालक न्यौपाने गंभीर घाइते भएका थिए । उनलाई उपचारका लागि बीएण्डसी अस्पतालमा भर्ना गरिएको थियो । त्यहाँबाट उनलाई चैत १७ गते प्रादेशिक अस्पताल भद्रपुर लगिएको थियो ।

उपचारका क्रममा आइतवार साँझ ६.३० बजे न्यौपानेको मृत्यु भएको इलाका प्रहरी कार्यालय धुलावारीका प्रमुख , प्रहरी निरीक्षक रोहित शर्माले जानकारी दिएका छन् ।

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर), पेट, ग्याष्ट्रिक, अल्सर जन्डिस, हेपटाईटिस रोग
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, काठमाडौंबाट

**डा. दिपायन पाण्डे, MD**
विशेषज्ञ - छाला, यौन, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार

**डा. आलोक झा, MD**
विशेषज्ञ - मानसिक, नशा, रोग (बाल तथा किशोर मनोचिकित्सक)
समय: प्रत्येक महिनाको पहिलो शनिबार

**डा. केशव कु. मण्डल, MD**
विशेषज्ञ - नवजात शिशु तथा बाल रोग
समय: दैनिक सेवा

**डा. प्रेम ब. शाही, MS, FISS**
प्रमुख विशेषज्ञ - हाडजोर्नी, नशा तथा मेरूदण्ड सर्जन
समय: दैनिक सेवा

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
विशेषज्ञ - मधुमेह, थाइराईड, हर्मोन रोग । समय: दैनिक सेवा

**डा.धिरज ताम्राकार, MD**
विशेषज्ञ - आन्तरिक मेडिसिन तथा फिजिसियन । समय: दैनिक सेवा

**डा. धिरज गिरी, MS**
विशेषज्ञ - नाक, कान, घाँटी, टाउको रोग
समय: दैनिक सेवा

**प्रा. डा. अरूण सेढाई, MD, DM**
प्रमुख विशेषज्ञ - मृगौला (किड्नी), पिसाब रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिना विर हस्पिटलबाट

**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
प्रमुख विशेषज्ञ - मेरूदण्ड (स्पाइन), गर्धन, कम्मर, नशा, ढाँड रोग/सर्जन
समय: प्रत्येक महिना विर हस्पिटलबाट

**डा. धर्मागत भट्टराई, MD, DM**
प्रमुख विशेषज्ञ - बाल बाथरोग, एलर्जी तथा रोग प्रतिरक्षा (इम्युनिटी) रोग
समय: प्रत्येक महिना इम्युनोकेयर सेन्टरबाट

**डा. विवेक कट्टेल, MD, FRCI**
प्रमुख विशेषज्ञ - बाथरोग तथा (युरिक एसिड), जोर्नी रोग
समय: प्रत्येक महिना न्यूरो हस्पिटलबाट

स्वास्थ्य सेवामा सँगसँगै
जिवनरक्षा
**जिवनरक्षा पोलिक्लिनिक एण्ड डाइगोनोष्टिक सेन्टर प्रा. लि.**
बिर्तामोड-४, भद्रपुररोड, झापा (यामाहा शोरुम अगाडि)
जानकारीका लागि सम्पर्क
023-531242/023-591566
प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/फिजियोथेरापी/ विशेषज्ञ ओ.पि.डि.
हेल्थ प्याकेज/डेन्टल/डिजिटल एक्स-रे
9817094601

# फूलबारी माविका पूर्व विद्यार्थीहरू संगठित



झापा(प्रस)। झापाको बाह्रदशी ५ स्थित फूलबारी माध्यमिक विद्यालयका पूर्व विद्यार्थीहरू संगठित भएका छन् । शनिवार विद्यालय सभाहलमा भएको पूर्व विद्यार्थीहरुको भेलाले सोही विद्यालयका पूर्व विद्यार्थी, पहिलो एसएलसी ब्याच २०४३ का उत्पादन तथा हाल सोही विद्यालयका शिक्षक उत्तमकुमार खड्का अध्यक्ष रहेको ११ सदस्यीय तदर्थ समिति गठन गरेको छ । समितिमा जीवनकुमार धमला उपाध्यक्ष, शिवप्रसाद पोखरेल सचिव, सुपेनचन्द्र सिंह राजवंशी सहसचिव, पवित्रा खड्का कार्की कोषाध्यक्ष रहेका छन् । त्यस्तै लक्ष्मीप्रसाद खरेल, रुक्मिणा गौतम, कमल राजवंशी, गीता धिताल, दिनेश थापा र हरि उप्रेती तदर्थ समितिका सदस्य रहेका छन् ।

पूर्व विद्यार्थी तथा सोही विद्यालयमा लामो सेवा गरी निवृत्त शिक्षक टेकनारायणसिंह राजवंशीको अध्यक्षतामा भएको कार्यक्रममा पूर्वशिक्षक चन्द्र थपलिया, बाह्रदशी वडा नं. ५ का वडाध्यक्ष तथा पूर्व विद्यार्थी वीरबहादुर राजवंशी , पूर्व विद्यार्थी रुक्मिणा गौतमले शुभकामना मन्तव्य राखेका थिए। शिव पोखरेल र तुलसीराम खरेलले संचालन गरेको कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य भोजराज दाहालले गरेका थिए।

पूर्व विद्यार्थी सुभद्रा दाहालले आफूआवद्ध संस्था लायन्स क्लव अफ काठमाडौंमार्फत कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूलाई स्कुल ब्याग वितरण गरेर कार्यक्रमलाई थप सौन्दर्यता प्रदान गरेकी थिइन् ।

भोजराज दाहाल संयोजक, तुलसीराम खरेल, ओमप्रकाश गौतम, वीरबहादुर राजवंशी र सुपेनचन्द्र सिंह राजवंशी सदस्य रहेको निर्वाचन समितिले तदर्थ समिति गठनको संयोजन गरेको थियो। नवनिर्वाचित समितिले आगामी ६ महिनाभित्र बिधान निर्माण, छलफल गरी संस्था दर्ता र अधिवेशन गर्नुपर्ने छ। संस्था पूर्ण स्वायत्त हुने र उक्त संस्थाले गर्ने सबै काम विद्यालयलाई केन्द्रमा राखेर गर्नुपर्ने नवनिर्वाचित सदस्य दिनेश थापाले बताए।

२००७ सालमा स्थापना भएको फूलवारी माविको अवस्था हाल दयनीय देखिन्छ। दिन प्रतिदिन विद्यार्थीको संख्या घट्दै गएको विद्यालयले शैक्षिक र भौतिक रुपमा फड्को मार्न ढिलो भैसकेको धेरैले महसुस गरेका छन्। अब पूर्व विद्यार्थी समाजले विद्यालयको शैक्षिक तथा भौतिक उन्नयनमा लाग्नुपर्ने कुरा शिक्षक घनश्याम उप्रेतीले बताए। आफ्नो प्रतिबद्धता जनाउँदै नवनिर्वाचित अध्यक्ष खड्काले देश बिदेशमा रहेका पूर्व विद्यार्थीसँग समन्वय गर्नेगरी कार्यक्रम अगाडि बढाईने बताए।


# निन्दा खोलाबाट ३ वटा ट्र्याक्टर नियन्त्रणमा



झापा(प्रस)। प्रहरीले मेचीनगरको निन्दा खोलाबाट तीनवटा ट्र्याक्टर नियन्त्रणमा लिएको छ ।

आइतवार दिउँसो २.३० बजेको समयमा मेचीनगर नगरपालिका वडा नं. १५ स्थित निन्दा खोलाबाट मे.१ त४६१, मे.१त ४०२९ र नम्बर नखुलेको एउटा ट्र्याक्टरले नदीजन्य पदार्थ मिक्स गिट्टी अवैध रुपमा ओसार पोसार गर्दै गरेको अबस्थामा इलाका प्रहरी कार्यालय धुलावारीबाट खटिएको प्रहरी गस्ती टोलीले फेला पारी नियन्त्रणमा लिएको हो ।

ती सवारीसाधनलाई आवश्यक कार्वाहीको लागि मेचीनगर नगरपालिकाको कार्यालयमा बुझाएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।




# १० अर्ब १८ करोड मागदाबीसहितको मुद्दा

झापा(प्रस)। राजस्व अनुसन्धान विभागले सेयर स्वामित्व हस्तान्तरणका क्रममा लाभकर र मूल्य अभिबृद्धि कर(भ्याट) नतिरेर कर छली गरेको अभियोगमा अमेरिकी लगानी रहेको कोटीभीटी नेपाल प्रालिविरुद्ध १० अर्ब ३६ करोड ४५ लाख २० हजार माग दाबीसहितको मुद्दा उच्च अदालत पाटनमा दायर गरेको छ ।

कर छली अभियोगमा अमेरिकी लगानीको कम्पनीविरुद्ध १० अर्ब १८ करोड मागदाबीसहितको मुद्दा अमेरिकामा रहेको कम्पनीले नेपालमा स्वास्थ्यसम्बन्धी सफ्टवेयरको कामको सिलसिलामा नयाँ-नयाँ कम्पनी खोल्दै सेयर हस्तान्तरण गर्दै आएको सूचनाका आधारमा गरिएको अनुसन्धानबाट कर छलीको प्रमाण भेटिएको हो ।विभागका महानिर्देशक नवराज ढुंगानाका अनुसार ५ अर्ब १८ करोड कर छली बिगो र शतप्रतिशत जरिवाना कायम गरी आइतबार उच्च अदालतमा मुद्दा दायर भएको हो । ढुंगानाका अनुसार काठमाडौंमा स्टाफको रुपमा ६२० जना भन्दा नेपाली इन्जिनियरसहित स्टाफहरु राखेर उक्त कम्पनी सञ्चालन गर्दै आएको भेटिएको छ । उक्त सफ्टवेयर निर्माण गरेर अमेरिका पठाउने गरेको अनुसन्धानबाट खुलेको छ । कम्पनीले विशेषतः स्वास्थ्यसँग सम्बन्धित विश्लेषण गरेको देखिन्छ । उसले कर छलीको नियत राखेर मूल कम्पनीबाट विभिन्न कम्पनीमा सेयर हस्तान्तरण गर्दै आएको भेटिएको छ ।

विभागले कर छलीको विषयमा छानबिन गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई पनि अनुरोध गरेको छ । कम्पनीले बस्तु निर्यात वापत भ्याट ४ अर्ब ७६ करोड ५८ लाख ४३ हजार र लाभ कर ४१ करोड ६४ लाख १७ हजार तिर्नुपर्ने देखिएको छ । स्वामित्व परिवर्तन हुँदा सबै कर छली गरेको देखिएको छ । सेयर स्वामित्व हस्तान्तरण हुँदा कम्पनी रजिष्ट्रारको कार्यालयले पनि कर तिरे/नतिरेको सोधपुछ नगरेको विभागले जानकारी दिएको छ ।

'सेयर स्वामित्व परिवर्तन हुँदा कानुनअनुसारको कर तिरेको/नतिरेको सोध्ने जिम्मेवारी कम्पनी रजिष्ट्रार कार्यालयको हो, 'अनुसन्धान अधिकृत केदार कोइरालाले भने, 'सेयर अपडेट गर्दा सोधिने यो सामान्य प्रक्रियाको पनि पालना गरेको रेकर्ड कतै देखिएन ।' २०६१ सालदेखि नेपालमा एक जना कम्पनी सचिव नियुक्ति गरेर राखेपनि उनको औपचारिक हस्ताक्षर कतै नभेटिएको कोइरालाले जानकारी दिए । विभागले कम्पनी सचिवलाई पनि बयान लिएको थियो । नेपालमा दर्ता गरेर सञ्चालन गर्दै आएको पूर्ण रुपमा विदेशी लगानी रहेको कम्पनीले सफ्टवेयर अमेरिकामा निर्यात गर्दै आएको देखिन्छ । विभागका सूचना अधिकारी नवराज अधिकारीले प्यान नम्बर ३०१६१६१९२ रहेको उक्त कम्पनी सेयर आर्थिक वर्ष २०७२/२०७३ मा १७ लाख ५ हजार २०२ कित्ता रहेको जानकारी दिए । उनका अनुसार उक्त सेयर बेलाबेलामा विभिन्न कम्पनी खोलेर स्वामित्व हस्तान्तरण गर्दै आएको देखिन्छ । सेयरधनी दर्ता किताबअनुसार अहिले उक्त सबै सेयरको स्वामित्व कोटिभिटी कम्पनीको एकल नाममा कायम रहेको देखिन्छ ।

मुद्दामा विभागले कम्पनीका प्रतिनिधिको रुपमा काम गरिरहेका डा. एमाद रिजेक, केरी एस्किन, मिटर क्यास्पो, अपर्णा कथुर र ब्रेट मगुनलाई पनि विपक्षी बनाएको छ ।दुई वर्षदेखि लगातार गरेको अनुसन्धानबाट कारोबार देखिएको कोटिभीटी नेपाल प्रालि कम्पनी बन्द गर्ने तयारी गरिरहेका बेला मुद्दा दायर गरिएको हो ।

## इलाममा...

सूर्योदय आइडलको ग्रान्ड फिनाले' समेत गरिने नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मिलन भट्टराईले बताए । "प्रतियोगितामा अन्तिम आठ प्रतियोगी हुनुहुन्छ", उनले भने, "उहाँहरुको प्रस्तुति तथा विजेता घोषणा कार्यक्रम महोत्सवमै गर्नेछौं ।" चैत २८ गते बृहत् नगर सरसफाइ कार्यक्रम राखिएको भन्दै अन्तु परिसरलाई सुन्दर बनाउँदै पर्यटकको आकर्षक केन्द्रका रुपमा प्रवर्द्धन गरिने भट्टराईले बताए । "चैत ३० गते सूर्योदय आइडलको प्रस्तुति, विभिन्न खाद्यपरिकारका स्टल, साँझमा दिपावली र डिजे सेसनका कार्यक्रम रहेका छन्", उनले भने । नयाँ वर्षको पहिलो दिन बिहानै पर्यटकलाई सूर्योदयको दृश्यावलोकन गराएर शुभकामना आदानप्रदान गर्नुका साथै कार्यक्रमको उद्घाटन गर्ने आयोजकको तयारी छ । "स्टलहरु राखिएकै हुन्छन् । पर्यटकले अवलोकन तथा किनमेल गर्छन्, फोटो खिच्ने भिडियो बनाउने गर्छन् । सांस्कृतिक कार्यक्रममा सहभागी भएर यहाँको कला, संस्कृतिलाई नजिकबाट बुझ्ने छन्" नगरपालिकाका प्रवक्ता ख्यामबहादुर भुजेलले भने, "समापनको दिन सूर्योदय आइडल विजेता घोषणा तथा पुरस्कार वितरण गर्नेछौं । कलाकारको प्रस्तुतिमा आगामी वैशाख १ गते अन्तु सङ्गीतमय बन्नेछ ।" महोत्सव आयोजना गर्न १० लाख खर्च हुने अनुमान आयोजकले गरेको छ । महोत्सव अवधिभर करिब दश हजार पर्यटक भित्रिने अपेक्षा राखिएको प्रवक्ता भुजेलले बताए ।

# ४५० केजी भारतीय माछा नष्ट



झापा(प्रस)। भारतबाट ल्याइएको ४५० केजी माछा नष्ट गरिएको छ ।

आइतवार बिहान १० बजेको समयमा कन्काई नगरपालिका वडा नं.८ घाघरा पुलस्थित लोकमार्गको दक्षिण किनारमा सो माछा बेवारिसे अवस्थामा फेला परेको थियो ।

रहुँ, सिलन , पमप्लेट जातका माछा जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले फेला पारी कार्यालय कम्पाउण्डभित्र स्थानीय जनप्रतिनिधि, क्वारेन्टाईनका कर्मचारीसमेतको रोहवरमा खाल्डोमा पुरेर नष्ट गरिएको प्रहरी निरीक्षक महेन्द्र पराजुलीले बताए ।




# सक्षम सामाजिक उद्यमी महिला कृषि सहकारी संस्था लि.

कनकाई न.पा.-३, झापा

# बोलपत्र आव्हानको सूचना

सूचना प्रकाशन भएको मितिः२०८०-१२-२०

बोलपत्र आव्हानको सूचना नं. **01/SCOOP/NCB/G/2080/081**

कनकाई नगरपालिका र सक्षम सामाजिक उद्यमी महिला कृषि सहकारी संस्था लि.बिच भएको सम्झौता अनुसार कनकाई नगरपालिकामा सञ्चालन हुने गाईपालन प्रवर्द्धन कार्यकमका लागि आवश्यक उन्नत गाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४ तथा सार्वजनिक खरिद नियमावली, २०६४को नियम ३१बमोजिम रास्ट्रियस्तरको खुल्ला बोलपत्रका माध्यमबाट खरिद गर्नुपर्ने भएकोले ईच्छुक योग्य फर्म,कम्पनी वा संस्थालाई यो बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ।

बोलपत्रको विवरण

| क. सं. | वस्तु–सामाग्रीकोनाम | परिमाण | जमानत रकमरु. | बोलपत्र फारम दस्तुर रु. | बोलपत्रमान्य हुनेअवधि | बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय | बोलपत्र दर्ता गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| १. | उन्न्त गाई | ६० | ५९,०००/- | ३०००/- | ९० दिन | २०८१/०१/१९ कार्यालय समय भित्र | २०८१/०१/२० गते दिनको १२ बजेभित्र | २०८१/०१/२०गते दिनको १बजे |

१.बोलपत्र खरिद गर्न चाहने इच्छुक योग्य बोलपत्रदाताहरुले बोलपत्र सम्बन्धी कागजात यस सक्षम सामाजिक उद्यमी महिला कृषि सहकारी संस्था लि.,कनकाई नगरपालिका -३,सुरुङ्गा,झापाबाट लिखित निवेदन पेश गरी मिति२०८१/०१/१९गतेसम्म कार्यालय समयभित्र प्राप्त गर्न सक्नेछन्।त्यस्तो निवेदनको साथमा कम्पनी/फर्म/व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी,स्थायी लेखा नं.प्रमाणपत्र,आ.व.२०७९/८० को कर चुक्ता प्रमाणपत्र र बोलपत्र सम्बन्धी कागजातको दस्तुर सक्षम सामाजिक उद्यमी महिला कृषि सहकारी संस्था लि.(Sakshyamsamajikudhamimahilakrishisahakarisansthaltd.)को सिद्धार्थ बैंक लि.सुरुङ्गा शाखामा रहेको खाता नं.५५५०५६२३७६८मा जम्मा गरेको भौचर पेश गर्नुपर्नेछ।

२. बोलपत्र सम्बन्धि कागजात तथा प्राबिधिक स्पेसिफिकेसन लगायतका विषयमा छलफल गर्न मिति२०८१/०१/१० गते दिनको १बजे यस कार्यालयमा पूर्व-बोलपत्र बैठक आयोजना हुनेछ।

३.शिलबन्दी गरिएको बोलपत्र मिति२०८१/०१/२०गते दिनको१२बजेभित्र सक्षम सामाजिक उद्यमी महिला कृषि सहकारी संस्था लि.,कनकाई नगरपालिका -३,सुरुङ्गा,झापामा पेश गर्नु पर्नेछ।उल्लिखित समयभन्दा ढिलो गरी प्राप्त बोलपत्र स्वीकार गरिने छैन।बोलपत्रको साथ कम्तिमा रु.५९,०००/-अक्षरेपी(उनान्साठी हजार मात्र)को बोलपत्र जमानत वा सिद्धार्थ बैंक लि.सुरुËf खाता नं.५५५०५६२३७६८मा जम्मा गरेको सक्कल बैंक भौचर संलग्न गर्नुपर्ने छ र त्यस्तो बोलपत्र जमानतको मान्य हुने अबधि बोलपत्र खोलेको मितिबाट कम्तिमा पनि १२०दिनको हुनुपर्नेछ।

४. तोकिएको समयभित्र पेश भएका बोलपत्रहरु उपस्थित हुन चाहने बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहबरमा सक्षम सामाजिक उद्यमी महिला कृषि सहकारी संस्था लि.,कनकाई नगरपालिका -३,सुरुङ्गा, झापामा मिति२०८१/०१/२०गते दिनको १बजे खोलिनेछ।बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

५. बोलपत्र खरिद गर्ने,पेश गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन अन्तिम दिन कायम हुनेछ।त्यस्तो अबस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधि भने साविककै मितिदेखि गणना गरिने छ।

६. बोलपत्र स्वीकृत गर्ने,रद्ध गर्ने र आंशिकरुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस सक्षम सामाजिक उद्यमी महिला कृषि सहकारी संस्था लि.,कनकाई नगरपालिका -३,सुरुङ्गा,झापामा सुरक्षित रहनेछ।

७. बोलपत्र सम्बन्धि अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ।

बोलपत्र सम्बन्धि अन्य जानकारीका लागि सक्षम सामाजिक उद्यमी महिला कृषि सहकारी संस्था लि.,कनकाई नगरपालिका -३, कृषि वजार,सुरुङ्गा,झापाcoopsaksham4@gmail.comमा सम्पर्क गर्न सकिने छ।

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# एसईईलाई मर्यादित बनाऔं

**चैत १५ गतेबाट जारी एसईई परीक्षा झापामा शान्तिपूर्वक संचालन भइरहेको छ । अहिलेसम्म नराम्रो केही पनि सुनिएको छैन । तर, अन्य जिल्लाहरुमा एसईई परीक्षा मर्यादित बन्न सकिरहेको छैन । बाहिरबाट हुलका हुल चिट फ्याल्ने गरेको भिडियो भाइरल बनेको छ । छिमेकी मोरङमा खटिएका परीक्षा केन्द्रका केन्द्राध्यक्षसहित छ जना निरीक्षक कारवाहीमा परेका छन् । मोरङको विभिन्न तीन वटा परीक्षा केन्द्रमा खटिएका उनीहरुमाथि कारवाही भएको हो ।**

**माध्यमिक शिक्षा परीक्षा (एसईई) लाई विगतदेखि नै विद्यालय शिक्षाको फलामे ढोकाको रुपमा चित्रण गर्दै आएको पाइन्छ । एसईई परीक्षामा हाउगुजी र डरको रुपमा नभई रहरको रुपमा सम्मिलित हुने मानसिकताको खाँचो देखिन्छ । विसं १९९० सालदेखि एसएलसीको रुपमा राष्ट्रियस्तरमा लिइदै आएको विद्यालयतहको एकमात्र परीक्षाको नतिजा विगतदेखि नै उत्साहप्रद देखिदैन । बि.सं.१९९८ सालमा सबभन्दा बढी ७७ दशमव ७८ प्रतिशत र बि.सं.२०३८ सालमा सबभन्दा घटी १६ दशमलव ६८ प्रतिशत परीक्षार्थी उत्तीर्ण भएको देखिन्छ । विगतका परीक्षाको विषयगत औसत प्राप्ताक्त हेर्दा अंग्रेजीमा सबभन्दा घटी ३३ दशमलव २४ र सबभन्दा बढी सामाजिकमा ४८ दशमलव ०४ भएको पाइन्छ ।**

**शिक्षा क्षेत्रमा धेरै अभ्यास र लगानी भए तापनि विद्यार्थीको उपलब्धिमा झन् ह्रास आउनु गम्भिर चिन्ताको बिषय हो । यति लामो समयसम्म विद्यार्थीको उपलब्धीस्तर ५० प्रतिसत पनि नपुग्नुमा के विद्यार्थी मात्रै दोषी छन् त ? वस्तुनिष्ठ अध्ययन गरी वास्तविकता पहिल्याउन अल्छी गर्नुहुन्न । उपलब्धीस्तर शतप्रतिशत पुऱ्याउन राज्य, अभिभावक, विद्यालय, विद्यार्थी र नागरिक समाजलगायतको भूमिका कस्तो हुनुपर्छ ? निर्क्योल गर्न बिलम्ब भैसकेको छ । एसईईलाई अधिकतम उपलब्धीमूलक बनाउन अभिभावकको पनि उत्तिकै महत्व रहन्छ । छोराछोरीलाई अनावश्यक दवाव नदिने, उनीहरुको आहार विहारलाई स्वस्थकर बनाउने, पढ्ने लेख्ने सामग्री तथा बस्ने स्थानको उपयुक्त वातारण वनाई सहजता प्रदान गर्ने एवं उत्साह र ढाडस दिएर मर्यादित रुपमा परीक्षा दिन प्रोत्साहित गर्नु एक असल अभिभावकको जिम्मेवारी भित्र पर्दछ । यसमानेमा एसईई अभिभावकको लागि पनि एक समझदार अभिभावक भए नभएको जाँचिने परीक्षा हो भन्दा अन्यथा नहोला ।**






# ओझेलमा कृषि कामदार



• धर्मराज भट्टराई

मुलुकमा कृषि क्षेत्रसँग सम्बन्धित समस्याको समाधानका बारेमा चर्चा हुने बित्तिकै सबैको ध्यान यस क्षेत्रको आधुनिकीकरण र व्यावसायीकरणमा मात्र जाने गरेको देखिन्छ । कृषि क्षेत्रको प्रमुख समस्यामा परम्परागत तथा निर्वाहमुखी खेती प्रणाली, बजारीकरण, बिचौलिया, छिमेकी बजारको प्रभाव, सिँचाइ तथा मलको आभाव आदि रहेको धेरैको ठहर छ । यसैकारण सरकारले तर्जुमा गरेका अधिकांश योजना तथा कार्यक्रममा समेत यसैलाई प्राथमिकता दिएको देखिन्छ तर यस क्षेत्रबाट अपेक्षित लाभ लिन सकिरहेको अवस्था छैन । यसबाट के प्रस्ट हुन्छ भने कृषि क्षेत्रमा अन्य समस्या पनि छन्, जुन अहिलेसम्म उजागर हुन सकेका छैनन् । यस्तै ओझेलमा परेको मुद्दामध्ये कृषि कामदारको अवस्था र उनीहरूले भोग्दै आएका समस्या पनि एक हो । कृषिप्रधान मुलुकमा कृषि कामदारकै मुद्दा ओझेलमा परेको सुन्दा अपत्यारिलो लाग्न सक्छ । तथापि यो वास्तविकतालाई स्विकार्नुको विकल्प छैन ।

अन्य क्षेत्रका कामदारको जस्तो चर्चा परिचर्चा नहुने हुँदा धेरैलाई कृषि कामदारका बारेमा जानकारी नहुन सक्छ । कतिपयले कृषि कामदार पनि हुन्छन् र भनेर प्रश्न गरेको समेत सुनिन्छ तर यथार्थमा नेपालमा धेरै मानिस कृषि कामदारका रूपमा कार्यरत रहेर आफ्नो जीविकोपार्जन गरिरहेका छन् । केही समयअघि सार्वजनिक सातौँ राष्ट्रिय कृषिगणना २०७८ का अनुसार नेपालका कुल परिवारमध्ये ६२ प्रतिशत कृषक परिवार रहेका छन् । कुल ४१ लाख ३० हजार घरपरिवारले २२ लाख १८ हजार हेक्टर जग्गामा कृषि कार्य गरेको देखिएको छ । गणनामा उल्लेख भए अनुसार छैटौँ कृषिगणना २०६८ मा कृषिमा लागेका कामदारलाई स्थायी कामदार, अस्थायी कामदार (कामको चाप पर्दा मात्र काम लगाइएका) र पर्मपातमा काम गरेका कामदार गरी तीन वर्गमा विभाजन गरिएकोमा सातौँ गणनामा समाजमा नयाँ प्रचलित 'ठेक्कामा लिने व्यक्तिले लगाएका कामदार' गरी चार वर्गमा बाँडिएको छ । यस कृषि गणनाका अनुसार मुलुकभरमा जम्मा ३९ हजार कृषक परिवारले ७४ हजार पाँच सय स्थायी कामदार राखेका छन् । यसमध्ये ४१ प्रतिशत महिला कामदार रहेको जनाइएको छ ।

यसै गरी १८ लाख ३८ हजार कृषक परिवारले कृषि वर्षभित्र विभिन्न समयमा अस्थायी कामदार लगाएका छन् । यी कामदारले वर्षभरमा छ करोड ७७ लाख ९९ हजार दिन बराबर काम गरेका छन् । वर्षभरमा जम्मा काम गरेको दिन सङ्ख्याको ६१ प्रतिशत दिन महिलाले काम गरेको जनाइएको छ । यस्तै पर्ममा काम लगाउने परिवारको सङ्ख्या १७ लाख ३८ हजार रहेको उल्लेख छ । यी कामदारले वर्षभरमा जम्माजम्मी तीन करोड ७३ लाख तीन हजार दिन बराबर काम गरेका छन् । सरदरमा एक कृषक परिवारले २१ दिन बराबर पर्ममा काम लगाएका देखिएको छ । कृषि कार्य ठेक्कामा लगाउने कृषि परिवारको संख्या एक लाख एक हजार रहेका छन् । ठेक्कामा लिने व्यक्तिले लगाएका कामदारले वर्षभरिमा जम्माजम्मी २४ लाख ९३ हजार दिन बराबर काम गरेको उल्लेख छ ।

कृषि क्षेत्रमा हजारौँ मानिस कृषि कामदारका रूपमा कार्यरत रहे पनि उनीहरूको अधिकारका बारेमा भने विस्तृत रूपमा कतै उल्लेख गरिएको पाइँदैन । श्रमिकको हक, हित तथा सुविधाको व्यवस्था गर्न भन्दै बनाइएको श्रम ऐन, २०७४ मा समेत कृषि कामदार भनी छुट्टै उल्लेख गरिएको पाइँदैन । ऐनको परिच्छेद-१३ मा विभिन्न क्षेत्रमा कार्यरत श्रमिकहरूका लागि भन्दै विशेष व्यवस्था गरिएको छ, जसमा कृषि क्षेत्रसँग सम्बन्धित चिया बगानका श्रमिकलाई विशेष व्यवस्थाको उल्लेख गरिए पनि सम्पूर्ण कृषि श्रमिकलाई भने समेटिएको छैन । यस परिच्छेदमा निर्माण श्रमिक, यातायात श्रमिक, पर्यटनसँग सम्बन्धित श्रमिक, घरेलु श्रमिक आदिका लागि भन्दै छुट्टै विशेष व्यवस्थासमेत उल्लेख गरिएको छ । कृषि कामदारलाई श्रम ऐनले छुट्टै व्यवस्था नगरेका कारण उनीहरू विभिन्न सुविधाबाट वञ्चित भएका छन् ।

कृषि कामदारको न्यूनतम पारिश्रमिकका विषयमा समेत एकरूपता देखिँदैन । रोजगारदाता र कामदारबिचमा व्यवस्थित रूपमा प्रचलित कानुनबमोजिम श्रम सम्झौता नहुने हुँदा काम गर्ने ठाउँ, महिला तथा कामको प्रकृति अनुसार फरक फरक पारिश्रमिक दिने गरिएको पाइन्छ । कुनै ठाउँमा स्थायी कामदारका लागि दिइने पारिश्रमिक तथा अन्य सुविधाहरूमा एकरूपता देखिए पनि अस्थायी कामदार, पर्मपातमा काम गरेका कामदार तथा ठेक्कामा लिने व्यक्तिले लगाएका कामदारको अवस्था भने आर्थिक रूपमा कमजोर देखिन्छ । आफ्नो न्यूनतम आवश्यकतासमेत पूरा गर्न नसक्ने पारिश्रमिकमा उनीहरू काम गर्न बाध्य भएका छन् । यता श्रम ऐनले विभिन्न क्षेत्रमा काम गरेका श्रमिकको न्यूनतम पारिश्रमिक हरेक दुई/दुई वर्षमा निर्धारण हुने व्यवस्था गरेको छ । यसै अनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले राजपत्रमा सूचना प्रकाशित गर्दै चालु आव २०८०/८१ को साउन १ देखि लागु हुने गरी चिया बगानबाहेकका श्रमिकको हकमा मासिक आधारभूत १० हजार ८२०, महँगी भत्ता छ हजार ४८० गरेर जम्मा १७ हजार ३०० पुऱ्याएको छ । यो सरकारी निर्णयले अन्य क्षेत्रका श्रमिकलाई समेटेको भए पनि कृषिक्षेत्रलाई समेट्न नसकेको देखिन्छ ।

यस्तै, अन्य श्रमिकको हकमा दैनिक आधारभूत पारिश्रमिक ४२८, महँगी भत्ता २५० गरेर जम्मा दैनिक न्यूनतम पारिश्रमिक ६६८ तोकिएको छ । प्रति घण्टा आधार भूत पारिश्रमिक ५६, महँगी भत्ता ३३ गरेर प्रतिघण्टा न्यूनतम पारिश्रमिक ८९ तोकिएको छ । आंशिक समय मात्र काम गर्ने कामदारको हकमा भने प्रतिघण्टा न्यूनतम पारिश्रमिक ९५ रुपियाँ तोकिएको छ । यसै गरी, चिया बगानका श्रमिकको हकमा मासिक आधार भूत पारिश्रमिक आठ हजार ९३४, महँगी भत्ता ४९५९ गरेर जम्मा न्यूनतम पारिश्रमिक १३ हजार ८९३ तोकिएको छ । उपयुक्त पारिश्रमिकको अतिरिक्त श्रम ऐन २०७४, योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ र प्रचलित कानुनबमोजिम श्रम सम्झौता, नियुक्तिपत्र, श्रमिकले पाउने सञ्चयकोष र उपदानलगायतका सुविधा अनिवार्य रूपमा हुनुपर्ने उल्लेख छ । यी सबै सेवा सुविधा अन्य क्षेत्रका श्रमिकले प्राप्त गरेको भए पनि अधिकांश कृषि कामदारले प्राप्त गर्न सकिरहेका छैनन् । यसबारे मुलुकका जिम्मेवार निकायहरू पनि बेखबर देखिएका छन् ।

कृषि कामदार आर्थिक एवं सामाजिक रूपमा सुरक्षित नभएका कारण उनीहरूको यस क्षेत्रप्रति आकर्षण घट्दै गएको छ । पछिल्ला दिनमा यस्ता कामदार पाउनसमेत मुस्किल हुँदै गएको छ । अधिकांश कृषि श्रमिक विदेश पलायन भइरहेका छन् । यसै कारण मुलुकको ग्रामीण क्षेत्रमा युवा पाउन मुस्किल हुँदै गएको छ । अन्य क्षेत्रका कामदारको तुलनामा आफूहरूलाई पछाडि पारिएको महसुस कृषि कामदारले गरिरहेका छन् । एकातिर कृषि कर्म गरिरहेका कामदार आफूहरू असुरक्षित महसुस गर्नु अर्कातर्फ नयाँ कामदार यस क्षेत्रमा प्रवेश गर्न हिच्किचाउनुले भविष्यमा कृषि कामदार पाउनै मुस्किल हुने देखिन्छ । तसर्थ, यसतर्फ समयमै आवश्यक कदम चाल्नु पर्ने देखिन्छ ।

मुलुकको कृषि क्षेत्र अझै पनि श्रमप्रधान रहेको छ । यसै कारण यहाँको कृषि उत्पादनको विकास र विस्तारमा कृषि कामदारको मह□वपूर्ण भूमिका रहेको हुन्छ । कृषिजन्य वस्तुहरूको उत्पादन र उत्पादकत्वको वृद्धिका लागि सर्वप्रथम यस क्षेत्रमा कार्यरत कामदारको आर्थिक एवं सामाजिक सुरक्षाको उचित व्यवस्था गर्नुपर्ने देखिन्छ । कृषि क्षेत्रका कामदारका लागि श्रम ऐनमा नै विशेष व्यवस्थाको थालनी गरी उनीहरूलाई सुरक्षाको प्रत्याभूति दिलाउनुपर्ने आवश्यकता देखिएको छ । कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वको वृद्धिमा महत्वपूर्ण भूमिका खेल्ने कृषि कामदारका समस्यालाई बेवास्ता गरेर यस क्षेत्रको प्रवर्धन असम्भव छ । यस क्षेत्रको आधुनिकीकरण तथा व्यावसायीकरणका लागि समेत कृषि कामदारहरू आर्थिक एवं सामाजिक रूपले सुरक्षित हुनु आवश्यक छ । यसका साथै शारीरिक, मानसिक एवं प्राविधिक रूपले दक्ष कृषि कामदारको मद्दतले मात्र कृषि क्षेत्रबाट अपेक्षित लाभ लिन सकिन्छ ।

# मर्यादित एसइई परीक्षा



• मनोहर कार्की



विसं १९९० बाट एसएलसी परीक्षा मुलुकमा सञ्चालनमा आयो । लामो समयसम्म यो परीक्षा 'एसएलसी' नामबाटै चल्यो । केही वर्षदेखि यो परीक्षा 'एसइई' का नाममा सञ्चालन भई आएको छ । यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई) चैत १५ देखि सञ्चालित भइरहेको छ । देशभरका दुई हजार ६४ परीक्षा केन्द्रमा परीक्षार्थी सहभागी छन् । यस परीक्षामा पाँच लाख चार हजार ४१४ जना परीक्षार्थी सहभागी छन् । सबभन्दा बढी काठमाडौँबाट ३८ हजार ८१३ जना र सबभन्दा कम जापानको परीक्षा केन्द्रबाट २३ जना सहभागी छन् ।

परीक्षा मूल्याङ्कन पद्धतिमा केही परिवर्तन तथा परिमार्जनले निरन्तरता पाई नै रहेको छ । आवश्यकताको सिद्धान्तका आधारमा मूल्याङ्कन विधि र प्रणालीमा सुधार गर्ने प्रयास आधिकारिक निकायले गर्दै आएको छ र गर्नु पनि पर्छ । यस वर्षको एसइई परीक्षामा प्रत्येक विषयको सैद्धान्तिक परीक्षामा न्यूनतम ३५ प्रतिशत र आन्तरिक मूल्याङ्कनमा न्यूनतम ४० प्रतिशत विद्यार्थीले ल्याउनै पर्छ । यति ल्याउन नसके परीक्षार्थीको लब्धाङ्कमा नन्ग्रेडेड (एनजी) उल्लेख हुने छ । दुई विषयसम्म नन्ग्रेडेड (एनजी) भएका परीक्षार्थीले ग्रेडवृद्धि परीक्षा भने दिन पाउने छन् । अक्षराङ्क/ग्रेडिङमा केही परिमार्जन गरी नौको सट्टा आठ ग्रेड कायम गरिएको छ । न्यूनतम उत्तीर्णाङ्क तथा अक्षराङ्क/ग्रेडिङ पद्धतिलाई समायोजित रूपमा मूल्याङ्कनको आधार बनाइएको छ । परीक्षालाई गुणस्तरीय र विद्यार्थीको ल्याकत परीक्षणमा यस किसिमको मापदण्ड केही कसिलो निश्चित होला तर यसले आशाको छनक दिएको छ । मूल्याङ्कन पद्धति फेरि घुमिफिरी रुम्जाटारकै सेरोफेरोमा आइपुगेको भान परेको छ । परीक्षामा न्यूनतम उत्तीर्णाङ्क ल्याउनु पर्ने अनिवार्य प्रावधानले परीक्षा अवश्य पनि पेचिलो रहन्छ नै । यस किसिमको परीक्षण र मूल्याङ्कन आउने दिनमा कायम रहला भन्ने प्रश्न पनि उब्जेको छ । शिक्षा आठौँ संशोधन ऐन २०७३ कार्यान्वयनमा आएसँगै कक्षा १० को एसइई र कक्षा १२ को परीक्षासम्बन्धी कार्यलाई राष्ट्रिय परीक्षा बोर्डले सञ्चालन गर्ने गरी राष्ट्रिय परीक्षा बोर्डको क्षेत्राधिकारभित्र आबद्ध गरिएको छ । साथै कक्षा १० को परीक्षा प्रदेशस्तरमा सञ्चालन गर्ने र समग्र विद्यालय शिक्षाको परीक्षालाई दिशानिर्देश गर्ने दायित्व राष्ट्रिय परीक्षा बोर्डमा रहेको छ ।

परीक्षालाई समयानुकूल अनुशासित, मर्यादित तथा व्यवस्थित रूपमा सम्पन्न गर्ने दिशामा शिक्षा मन्त्रालय, राष्ट्रिय परीक्षा बोर्डले आफ्नो तर्फबाट गरी आएको कार्य प्रसंशनीय छ । यस सन्दर्भमा अन्य सरोकारवाला निकायको सहकार्यसमेत अपरिहार्य छ । विशेषतः परीक्षाको न्यूनतम मान्यता कायम राखेर परीक्षार्थीमैत्री तथा भयरहित वातावरणमा परीक्षा सञ्चालन तथा व्यवस्थापन गर्न सबैको भूमिका उत्तिकै महत्वपूर्ण हुन्छ । तल्लो तहमा केन्द्राध्यक्ष र निरीक्षकदेखि उपल्लोतहका निकाय र पदाधिकारीको समन्वयात्मक सहकार्यमा कुनै कमी हुनु हुँदैन । सामान्यतः दुर्गम तथा पहाडी क्षेत्रका केही ठाउँ तथा तराई क्षेत्रमा परीक्षाको न्यूनतम मर्यादा र मूल्यलाई कायम गर्ने दिशामा विगतका अनुभवलाई मनन गर्दै थप मर्यादित र अनुशासित बनाउने कार्यमा कडाइका साथ पहल हुनु पर्छ । मिलिभगत र तदर्थशैलीमा परीक्षामा अनियमितता नहोस् भन्नेतर्फ सरोकारवाला सबै सजग हुन आवश्यक छ ।

१२ कक्षाको परीक्षालाई विद्यालय तहको अन्तिम परीक्षाको रूपमा ग्रहण गरिएको छ । १० कक्षाको परीक्षा भने एसइई परीक्षा हो । राष्ट्रिय परीक्षा बोर्डले सञ्चालन गर्ने १२ कक्षाको अन्तिम परीक्षापछि विश्वविद्यालय वा कलेजको पढाइ सुरु हुन्छ । अधिकांश मुलुकका शैक्षिक प्रणालीको अभ्यास पनि यही हो । हामीले केहीपछि थालनी गऱ्यो तर सही दिशातर्फ नै यो पद्धति लक्षित छ । मुलुक संघीयतामा रूपान्तरण भइसकेपछि परीक्षा व्यवस्थापन, अनुगमन, सञ्चालनलगायतका सम्पूर्ण कामको जिम्मा पनि राष्ट्रिय परीक्षा बोर्डले नै लिएको छ । एसएलसीलाई एसइईमा रूपान्तरण गरी सकेपछि पनि पुरानै शैली र मानसिकतामा परीक्षा सञ्चालन भइरहनु र संघको जिम्मेवारीलाई पूर्ण रूपमा प्रदेशमा हस्तातरण गर्न नसक्नु चाहिँ विडम्बना हो । परीक्षालाई अझै पनि अदृश्य हाउगुजीका रूपमा राज्यले प्रस्तुत गर्न खोजेको विश्लेषण सम्बद्ध शिक्षाविद् तथा सरोकारवालाको रहेको छ । हुन सक्छ, आगामी वर्ष केही रूपान्तरण र परिवर्तन हुने छ ।

विशेषतः विद्यार्थीको ल्याकतमा अपेक्षित सुधारको छनक दिन सक्नु पर्छ । केही कसिलो र सुधारात्मक अभ्यास पछिल्ला समयमा भएका छन् तर अपेक्षित उपलब्धि दिन हम्मे नै परेको छ । पढ्ने-पढाउने व्यवहार, मानक र परिपाटीको सुधारमा परिवर्तन हुन नसकेको भन्ने कुरा पनि उठिनै रहेको छ । उत्तीर्ण हुने सबै विद्यार्थीले उच्चशिक्षामा सहज पहुँच प्राप्त गर्न सक्लान् कि नसक्लान् भन्ने बहस पनि भइरहेको छ । यस मानेमा सरकारले उच्चशिक्षा प्रदान गर्ने निकायको सञ्चालन र व्यवस्थापन गर्नु पनि चुनौती रहेको छ । संविधानको मौलिक हक अन्तर्गत धारा ३१ मा प्रत्येक नागरिकलाई आधारभूत तहको शिक्षा निःशुल्क र अनिवार्य तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने व्यवस्था छ । साथै संविधानको अनुसूची-८ मा व्यवस्था भए अनुसार विद्यालय शिक्षालाई स्थानीय सरकारको अधिकार क्षेत्रभित्र समेटेको छ ।

अबको हाम्रो शिक्षा पद्धति गरी खाने हुनु पर्छ । अर्थात् सिपयुक्त र व्यावहारिक ज्ञानसहितको शिक्षा हुनु पर्छ । हाम्रा शिक्षण विधि, सिकाइका मान्यता पनि समय अनुसारको हुनु पर्छ । शैक्षिक संस्था बेरोजगार उत्पादन गर्ने कारखानाबाट रूपान्तरित भई व्यावसायिक र सिपमूलक हुनु पर्छ । त्यसतर्फ विद्यार्थी आकर्षण गर्ने शिक्षा पद्धति अवलम्बन गर्नु पर्छ । आधारभूत तथा मध्यमस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्ने प्राविधिक शिक्षालयलाई मोफसल र विविध भूगोलमा स्थापित गर्न सकिएमा श्रम बजारमा अवसर सिर्जना भई निकै हदसम्म बेरोजगारी समस्या समाधान गर्न मद्दत पुग्ने छ । साथै इच्छुक विद्यार्थी माझ प्राविधिक धारका विषय अध्ययनको पहुँच पुऱ्याउन सकिएमा एसइई परीक्षामा प्रतिस्पर्धा कायम भई गुणस्तरीयता कायम हुन्छ ।

१० कक्षासम्मको विद्यालय शिक्षाको मूल्याङ्कनको मापनका रूपमा लिई परीक्षार्थी मेहनती र परिश्रमी भई एसइई परीक्षामा सहभागी हुनु पर्छ । परीक्षालाई कुनै अदृश्य हाउगुजी वा कठिनतम परीक्षाका रूपमा नलिई तत् तहको शिक्षामा हासिल गरेको ज्ञानलाई परीक्षाका माध्यमबाट रूपान्तरण गर्ने अवसरका रूपमा लिन पर्छ । परीक्षार्थीले डर र भयको नकारात्मक मनोविज्ञानबाट आफूलाई टाढा राखेर सकारात्मक सोचका साथ परीक्षालाई लिएमा सफलताको पाइला नजिकै रहन्छ । माथिल्लो ११ कक्षाको अध्ययनतर्फ विज्ञान, व्यवस्थापन, मानविकी, कानुन वा शिक्षा शास्त्र अनि प्राविधिक धारतर्फको विधा कुनमा जाने भन्ने कुरा एसइई परीक्षा परिणामले मार्गनिर्देश गर्छ । मेहनत र परिश्रम नै परीक्षामा सफलता पाउने आधार भने हो ।

परीक्षा सञ्चालन तथा व्यवस्थापनका सन्दर्भमा परीक्षा केन्द्रको आन्तरिक वातावरण तथा परीक्षा केन्द्रभन्दा बाहिरको आसपासको वातावरणले परीक्षालाई शान्तिपूर्ण, मर्यादित तथा अनुशासित बनाउनमा दिशानिर्देश गर्छ । त्यसैले जिम्मेवारी तथा दायित्व निर्वाह गर्नुपर्नेले यसमा विशेष ध्यान दिनु पर्छ । परीक्षार्थीले मनोवैज्ञानिक त्रास, आसबाट मुक्त भई निर्धक्क ढङ्गबाट परीक्षामा सहभागी हुने वातावरण बनाउनेतर्फ सरोकारवालाको गम्भीर ध्यानाकर्षण हुनु पर्छ । परीक्षाको न्यूनतम मर्यादा र आचारसंहितालाई पालना नगर्ने जो-कोही सरोकारवाला तथा परीक्षाका केन्द्राध्यक्ष र निरीक्षकलाई दण्ड जरिवानाको कार्यान्वयन गरिएको खण्डमा अवश्य पनि जुनसुकै परीक्षा पनि मर्यादित नै हुन्छ । मर्यादित, अनुशासित तथा भयरहित वातावरणमा परीक्षा सञ्चालन हुनु ठुलो कुरो हो । एसइई परीक्षा सञ्चालन, व्यवस्थापन तथा सम्पन्नताका आयामले सफल पाउन सरोकारवाला निकाय इमानदारीका साथ कार्यान्वयन तहमा खरो रूपमा उत्रिनु पर्छ ।

# एसइई परीक्षा : केन्द्राध्यक्षसहित छ जना कारवाहीमा



झापा(प्रस)। चैत १५ गतेबाट सुरू भएको एसइई परीक्षामा मोरङमा खटिएका परीक्षा केन्द्रका केन्द्राध्यक्षसहित छ जना निरीक्षक कारवाहीमा परेका छन् । मोरङको विभिन्न तीन वटा परीक्षा केन्द्रमा खटिएका उनीहरुमाथि कारवाही भएको हो ।अनुगमनका क्रममा मर्यादाविपरीत परीक्षा सञ्चालन गरेको पाइएपछि विराटनगर ६ मा रहेको शिक्षा सदन स्कुलका केन्द्राध्यक्ष विजय रौनियार कारवाहीमा परेका छन् । रौनियारलाई केन्द्राध्यक्षको जिम्मेवारीबाट हटाएर गोग्राहा स्कुलका बेदु खतिवडालाई केन्द्राध्यक्षको जिम्मेवारीमा ल्याइएको छ ।

कारवाहीमा अन्य पाँच जना निरीक्षकहरु पनि परेको शिक्षा समन्वय इकाइ मोरङका प्रमुख टंक गौतमले जानकारी दिए । यसैगरी विराटनगर-११ जनपथ माध्यमिक विद्यालयमा खटिएका दुई जना निरीक्षकलाई कारवाही गरिएको उनले बताए । जनपथका विजय महतो र योगेन्द्र यादव कारवाहीमा परेका हुन् । उनीहरुको ठाउँमा ज्ञान निकुन्ज स्कुलका राजु चौधरी र जनचेतना आधारभूत विद्यालयका विनारानी दाहाललाई निरीक्षक राखिएको छ ।

तोकिएको मापदण्ड पालना गरेको नपाइएपछि केन्द्राध्यक्ष र निरीक्षकहरुमाथि कारवाही गरिएको उनले बताए । एसइई परीक्षा सञ्चालन हुने सामुदायिक विद्यालय भएको खण्डमा सोही विद्यालयमा अध्यापनरत आधारभूत तहका शिक्षकलाई निरीक्षक राख्नु पर्ने व्यवस्था छ । तर जनपथ स्कुलमा जारी परीक्षामा निजी विद्यालयमा अध्यापन गराउने दुई जना निरीक्षक फेला परेका थिए । उनीहरु दुवैजना माध्यमिक तहमा अध्यापन गराउने शिक्षक भएको पाइएपछि कारवाही गरिएको हो ।जनपथ स्कुलको परीक्षा केन्द्रमा चार वटा विद्यालयका ३६६ जनाले परीक्षा दिँदैछन् । उक्त केन्द्रमा बाल कल्याण विद्या मन्दिर( बिकेभिएम), जेसी बाल सदन, शिक्षा सदन र लक्ष्मीनारयण वेद विद्या आश्रमका विद्यार्थीहरुले परीक्षा दिइरहेका छन् ।

सबैभन्दा बढी बिकेभिएमका २६२ जना विद्यार्थी छन् । लक्ष्मीनारायणका २६, शिक्षा सदनका २२, जेसी बाल सदनका ५० जना विद्यार्थी परीक्षामा भाग लिइरहेका छन् ।ग्रेड वृद्धिमा ६ जनाले परीक्षा दिँदैछन् । उक्त परीक्षा केन्द्रमा दुई जना सहायक परीक्षा केन्द्राध्यक्ष र १४ जना निरीक्षक रहेका छन् । २५ जना विद्यार्थी बराबर एक जना निरीक्षक राख्न पाइने मापदण्ड रहेको छ ।

# फागुनमा ६५ हजार नेपाली वैदेशिक रोजगारीमा



झापा(प्रस)। फागुन महिनामा ६५ हजारभन्दा बढी नेपाली वैदेशिक रोजगारीमा गएका छन् । वैदेशिक रोजगार विभागको तथ्याङ्क अनुसार फागुनमा ६५ हजार ६५८ जना श्रम स्वीकृति (पुनः श्रम स्वीकृतिसहित) लिएका छन् ।

जसमा ५८ हजार ८९० जना पुरुष र ६ हजार ७६८ जना महिला रहेका छन् । ३९ हजार ९२० जनाले भने पहिलो पटक श्रम स्वीकृति लिएका छन् ।

३१ हजार ८९८ जनाले संस्थागत श्रम स्वीकृति (मेनपावरमार्फत) लिएर विदेश गएका छन् । सात हजार ४४७ जनाले व्यक्तिगत श्रम स्वीकृति, ५७५ जना जी-टु-जीमार्फत श्रम स्वीकृति लिएर विदेश गएका हुन् ।

एक महिनाको अवधिमा ८५ जना उच्च दक्ष जनशक्ति विदेश गएका छन् । त्यस्तै ३४९ प्रोफेसनल, पाँच हजार १६० जना अर्धदक्ष जनशक्ति विदेश गएका छन् । त्यस्तै ४७ हजार ५७७ जना दक्ष र १२ हजार ४८७ जना अदक्ष जनशक्ति वैदेशिक रोजगारीका लागि विभिन्न मुलुक गएको विभागको तथ्याङ्कले देखाएको छ ।

# मृत भेटिएका व्यक्तिको पहिचानको खुल्यो

भद्रपुर(प्रस)। नेपाल-भारत सीमा भएर बग्ने मेची नदीमा मृत फेला परेका व्यक्ति भारतीय नागरिक भएको खुलेको छ ।

भद्रपुर नगरपालिका- ३ स्थित बैशावारीमा मृत भेटिएका व्यक्ति भारत रावागञ्ज घर भई भारत झाला बस्ती बस्ने अन्दाजी ४० वर्षीय सुनिल सोरेन रहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

बैशावारीको मेची नदीमा निर्माण गरिएको अस्थायी बाँसको पुलमुनि आइतबार दिउँसो करिब १ बजेको समयमा उनको शव फेला परेको थियो । शवलाई पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल भद्रपुर पठाइएको छ ।

# एक महिनामा भित्रिए १ लाख २८ हजार १६७ पर्यटक



झापा(प्रस)। यस वर्षको मार्चमा नेपाल भित्रिने विदेशी पर्यटक २८ दशमलव ९ प्रतिशतले बढेका छन् । नेपाल पर्यटक बोर्डका अनुसार गत वर्षको मार्च महिनाको तुलनामा यस वर्षको मार्चमा नेपाल भित्रिने विदेशी पर्यटकको संख्या २८ हजार ७४१ ले वृद्धि भएको हो ।

गत वर्षको मार्चमा कूल ९९ हजार चार सय २६ विदेशी पर्यटक नेपाल भित्रिएकोमा यस वर्षको सोही अवधिमा एक लाख २८ हजार एक सय ६७ पर्यटक नेपाल आएका छन् । मार्चमा सबैभन्दा बढी भारतीय पर्यटक आएका छन् । भारतबाट सो अवधिमा ३० हजार छ सय ९८ पर्यटक नेपाल आएका छन् । चिनियाँ पर्यटकको संख्या भने १२ हजार ९३ छ ।

बोर्डका अनुसार सो अवधिमा अमेरिकाबाट १० हजार सात सय ७३ र बेलायतबाट सात हजार दुई सय ४१ जना, श्रीलङ्काबाट पाँच हजार सात सय ४१, जर्मनीबाट पाँच हजार दुई सय ५५, थाइल्याण्डबाट चार हजार तीन सय ४५, फ्रान्सबाट तीन हजार दुई सय ४० र म्यानमारबाट तीन हजार एक सय ३१ जना विदेशी पर्यटक नेपाल आएका छन् ।

क्षेत्रीय हिसाबले हेर्दा एसिया (सार्क) बाट ४० हजार सात सय २७, एसिया (अन्य)बाट २८ हजार छ सय ४८, यूरोपबाट २७ हजार पाँच सय ८२, ओसनियाबाट चार हजार सात सय ८० र क्यानडा र अमेरिकाबाट १२ हजार छ सय १४ जना पर्यटक नेपाल आएका छन् ।

यस वर्षको जनवरीमा ७९ हजार एक सय र फेब्रुअरीमा ९७ हजार चार सय २६ विदेशी पर्यटक नेपाल भित्रिएका थिए । सन् २०२३ को पहिलो तीन महिनामा दुई लाख २७ हजार सात सय ५५ जना विदेशी पर्यटक नेपाल भित्रिएकोमा सन् २०२४ को पहिलो तीन महिनामा तीन लाख चार हजार छ सय ९३ जना विदेशी पर्यटक नेपाल भित्रिएका छन् । जुन ३३ दशमलव ७८ प्रतिशतले बढी हो ।

# वैदेशिक रोजगारीमा जानेको संख्या घट्यो




झापा(प्रस)। वैदेशिक रोजगारीमा जाने नेपालीहरूको संख्या घटेको पाइएको छ । अघिल्लो आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षको फागुन मसान्तसम्मको तथ्यांक हेर्दा घटेको देखिएको हो ।

गत साउनदेखि फागुन मसान्तसम्ममा चार लाख ६८ हजार १३५ जना नेपालीले वैदेशिक रोजगारीमा जानको लागि श्रम स्वीकृति (पुनः श्रम स्वीकृतिसहित) लिएको वैदेशिक रोजगार विभागको तथ्याङ्कमा उल्लेख छ ।

विभागको तथ्याङ्क अनुसार गत साउनमा ५५ हजार ५७५ नेपालीले वैदेशिक रोजगारीमा जानको लागि श्रम स्वीकृति लिएका थिए । जसमा पुनः श्रम स्वीकृति लिएकाहरूको तथ्याङ्क समावेश गरिएको छ ।

त्यस्तै भदौमा ५० हजार ८८४, असोजमा ५६ हजार २३५, कात्तिकमा ४३ हजार ६२२, मंसिरमा ६८ हजार, २०१, पुसमा ६५ हजार ८१३, माघमा ६२ हजार १४७ र फागुनमा ६५ हजार ६५८ जनाले वैदेशिक रोजगारीमा जानका लागि श्रम स्वीकृति (पुनः श्रम स्वीकृतिसहित) लिएको विभागको तथ्यांकले देखाएको छ ।

गत आर्थिक वर्षको साउददेखि फागुनसम्म ८ महिनामा पाँच लाख ४० हजार ६७५ जना नेपाली विदेश गएका थिए । अघिल्लो आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षको ८ महिनामा ७२ हजार ५४० जना कम हो ।

# लागूऔषध मुद्धामा फरार खातुन पक्राउ



झापा(प्रस)। लागूऔषध गाँजा मुद्दामा फरार प्रतिवादी झापा शिवसताक्षी नगरपालिका वडा नं ६ बस्ने ३८ वर्षीया लजमुना खातुन पक्राउ परेकी छन् ।लुकिछिपी बसेको अवस्थामा उनलाई आइतवार पक्राउ गरिएको इलाका प्रहरी कार्यालय झिलझिलेले जनाएको छ । लागूऔषध गाँजा मुद्दामा उनलाई १ बर्ष ४ महिना कैद र ४ हजार रुपैयाँ जरिवाना सजाय सुनाइएको थियो ।

# इलाममा 'अन्तु पर्यटन महोत्सव'

झापा(प्रस)। स्थानीय उत्पादन र मौलिक संस्कृतिको प्रवर्द्धन गर्ने उद्देश्यले इलामको सूर्योदय नगरपालिका-४ स्थित श्रीअन्तुमा पर्यटन महोत्सव हुने भएको छ । नयाँ वर्षका अवसरमा यही चैत २८ गतेदेखि आगामी वैशाख १ सम्म 'अन्तु पर्यटन महोत्सव-२०८१' को आयोजना हुने भएको हो ।

"हाम्रा रैथाने उत्पादन र मौलिक संस्कृतिको प्रदर्शन गरेर आगन्तुक पर्यटकलाई चिनाउने उद्देश्यले महोत्सव आयोजना गर्न लागिएको हो" उपप्रमुख एवम् महोत्सव मूल आयोजक




समितिका संयोजक दुर्गाकुमार बरालले भने "कलाकारहरुको सांस्कृतिक प्रस्तुतिका साथै विभिन्न जातजातिका मौलिक नृत्य, झाँकी प्रदर्शन हुनेछन् । स्थानीय तथा मौलिक खाद्य परिकारसहित स्थानीय हस्तकलाको स्टल राख्नेछौं ।"

महोत्सवमा यम बराल, भूपेन्द्र राई, पुजन प्रधान, गणेश पराजुली, यशोदा पराजुली, फुटी शेर्पा, रवि रिमाल लगायत कलाकारको प्रस्तुति रहने आयोजकले जनाएको छ । लागूपदार्थ दुर्व्यसनी, मदिरा तथा सुर्तीजन्य वस्तुको नियमन, नियन्त्रण तथा व्यवस्थापनसम्बन्धी सन्देशमूलक सचेतना कार्यक्रम पनि गरिने बरालले बताए । "युवाशक्ति लागूपदार्थको सेवन र दुर्व्यसनीमा फस्दै गएका छन् । मदिरा तथा सुर्तीजन्य वस्तुको नियमन र नियन्त्रणमा चुनौती थपिँदैछ", बरालले भने, "यस्ता कुराको नियन्त्रण सन्देशमूलक सचेतनाबाट मात्र सम्भव छ । सचेतनाका लागि र्‍याली आयोजना गर्नेछौं । महोत्सवको उद्देश्य स्थानीय कला, संस्कृति संरक्षण तथा प्रवर्द्धन गर्नुका साथै युवालाई कुलतमा फस्नबाट रोक्नु पनि हो ।" महोत्सवका अवसरमा 'दोस्रो

❖ बाँकी अन्तिम पृष्ठमा

प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा




PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3, BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट



वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** प्रतिस्पर्धामा विजयी भइनेछ । बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको

**वृष** आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । व्यवसायमा गरिएको लगानीमा मन्दी

**मिथुन** धार्मिक कार्य र सभासमारोहमा सरिक हुने सम्भावना छ । जटिल ठानिएको सम्पादन

**कर्कट** आज कुनै कुराले मनमा शान्ति छाउनेछ ।पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको

**सिंह** सोचेजस्तो लाभ हासिल गर्न केही समय कुर्नुपर्नेछ । घरायसी व्यवहारबाट टाढै बस्नु

**कन्या** रमाइलो यात्राको सम्भावना छ र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ । रोकिएका

**तुला** आफन्तसँग मनमुटाव बढ्ला । आफूलाई कमजोर भएको अनुभूति हुनेछ ।

**वृश्चिक** हर्ष र प्रसन्नताका बीचमा समय व्यतीत हुनेछ । सम्पत्ति लाभ गर्न अनुकूल प्रयास

**धनु** आज परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइनेछ । चिताएको कामले तीव्रता लिनेछ

**मकर** आज लाभदायी यात्रा गर्ने अवसर प्राप्त हुनेछ । परिवारजनको साथले नयाँ आशा

**कुम्भ** आज दैनिक काम बिचमै रोक्नु पर्दा आर्थिक भार पर्न सक्छ । व्यापार

**मिन** आज शुभकार्यको चर्चा चल्नेछ । रोकिएका काम पुनः सुरु हुन सक्छन् ।